कागेश्वरी मनोहरा नगरपालिकाको नगर उप-प्रमुख ज्यू,
नगरसभाका सदस्यज्यूहरु,
संचारकर्मी, कर्मचारी साथीहरू एवम् अन्य उपस्थित सम्पूर्ण महानुभावहरू।

१. ऐतिहासिक संविधानसभाबाट निर्मित नेपालको संविधानमा भएको व्यवस्था बमोजिम लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसाथ गर्दै जनभावना र विधि सम्मत तरिकाले स्थानीय सरकार संचालन गर्ने प्रतिवद्धताका साथ हामी मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन अन्तर्गत यस कागेश्वरी मनोहरा नगरपालिको निर्वाचनमा जनताद्वारा निर्वाचित भई एक वर्षको कार्यभार सम्हाली दोस्रो वर्षमा प्रवेश गरेका छौं । पहिलो एक वर्षमा हामीलाई कागेश्वरी मनोहरा नगरपालिकाको विकास र समृद्धीका लागि सामाजिक, आर्थिक, बौद्धिक, भौतिक एवम् सम्वेगात्मक तवरले साथ दिनुभएकोमा धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

नागरिकका समस्याको समाधान, विकासको आवश्यकता पहिचान र विकास तथा सेवा प्रवाहमा नागरिकलाई अधिकतम सहभागिता गराई समग्र राज्य र नागरिकलाई अग्रगमन तर्फ लैजान क्रियाशिल हामी कागेश्वरी मनोहरा नगरपालिकाका जनप्रतिनिधिहरूले निर्वाचानको क्रममा घोषणा पत्र लगायतका माध्यमबाट जनाईएका प्रतिवद्धताहरूमा केन्द्रित भई नागरिकहरू प्रति हाम्रो जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता अधिकतम भएको महसुस गर्दै आगामी आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं ।

२. समावेशी राजनीति सहभागिता चुनावी प्रक्रिया, बहुलबाद, नागरिक स्वतन्त्रता, सरकारको कामकाज, राजनीतिक संस्कृतिले नै लोकतन्त्रलाई पूर्ण बनाउँछ । लोकतन्त्र प्रति हामी सवैको सम्मान र विश्वास रहेकोछ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको निमित्त विभिन्न आन्दोलनमा जीवन आहुती गर्नुहुने ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

३. यस नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, बहुलवादी नेपाली समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति पूर्ण प्रतिवद्ध छौं। नगरपालिकाको नागरिकहरूको जीवन समृद्ध, सुख र उन्नतीको लागि सधैं प्रयत्नशील छ। अहिलेको शासकीय व्यवस्था प्रति जनताको पूर्ण विश्वास आर्जन गर्न र जनतामा परिवर्तनको अनुभूती गराउन हामी अत्यन्त सचेत छौं।

४. यस नगरपालिकाको सामाजिक, भौगोलिक एवम् आर्थिक हिसाबले सन्तुलित र जनताबाट स्वीकार्य विकास एवम् समृद्धि प्राप्तिका लागि नगरबासीको अपेक्षा सम्बोधन गर्न सिमित आन्तरिक स्रोत साधन र संघीय एवम् प्रादेशिक अनुदानहरूमा आधारित भई विकास कार्यहरू सञ्चालन गर्नुपर्ने पृष्ठभूमिमा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गरेको छु।

५. सचेत सुसूचित र संस्कारयुक्त नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण वलिदानबाट प्राप्त संविधान बमोजिम सार्वभौम जनताको चयनमार्फत निर्वाचित प्रतिनिधीबाट गठन भएको नगरपालिकाका नगरबासीहरुको आधारभूत हक तथा अधिकारप्रति सचेत र सदृष्य हुँदै "सबल, सक्षम र सुरक्षीत, हरितमैत्री सहर, सुशासनयुक्त पर्यटकीय कागेश्वरी मनोहरा नगर" भन्ने सोचका साथ नेपाल सरकारको पन्ध्रौ योजना दिगो विकासको लक्ष संघ र प्रदेश सरकारको बजेट एवम् प्राथामिकता यस नगरको "समृद्ध कागेश्वरी मनोहरा, सुखी नगरबासी" बनाउने अल्पकालिन तथा दिर्घकालिन योजनाहरुप्रति दृढ रही नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" तथा

प्रदेश सरकारको "स्वास्थ्य सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश" को राष्ट्रिय तथा प्रादेशिक आकाँक्षा पुरा गर्ने अभियानप्रति हामी पूर्ण प्रतिवद्ध छौं।

६. चालु आर्थिक वर्ष २०७९/८० मा आन्तरिक राजश्व, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, संघीय एवम् प्रादेशिक सशर्त, समानीकरण, समपूरक र विशेष अनुदानमा अपेक्षा अनुरुप वृद्धि नहुँदा स्रोतमा हुन आएको कमीले प्राथमिकतामा राखिएका विभिन्न विकास आयोजनाहरू प्रभावकारी रुपले कार्यान्वयन गर्न नसकिएको यथार्थता हामी समक्ष स्पष्ट नै छ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

अब म आर्थिक वर्ष २०७९।८० को कागेश्वरी मनोहरा नगरपालिकाको वार्षिक प्रगतिको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. आर्थिक बर्ष २०७९।८० को वार्षिक कार्यक्रम समीक्षा**

आज २०८० साल आषाढ १० गते नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा चालु आर्थिक वर्ष २०८० जेष्ठ १५ गते सम्मको भौतिक तथा वित्तीय प्रगति प्रस्तुत गर्दछु। अब म क्षेत्रगतरुपमा प्रगतिको समिक्षा प्रस्तुत गर्न गैरहेको छु।

चालु आर्थिक वर्षमा कुल अनुमानित बजेट रु. २ अर्ब १७ करोड ३६ लाख ४१ हजार ६ सय ९८ अनुमान गरिएकोमा जेठ मसान्तसम्म आम्दानी तर्फ कुल आय रु. १ अर्ब ३६ करोड ३९ लाख १० हजार प्राप्त भएको छ।जुन कुल अनुमानको ६२.७ प्रतिशतले हुन आउँछ। खर्च तर्फ कुल अनुमानको ५७.६ प्रतिशत, रु. १ अर्ब २५ करोड २५ लाख ८० हजार खर्च भएको छ।

अब म नगरपालिकाको बजेट तथा खर्चको चलु तथा पुजिगत बित्तिय प्रगतिबारे सक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**चालु तर्फ**

चालु आ.व. २०७९/८० मा चालु खर्च तर्फ कुल ६९ करोड १४ लाख १५ हजार विनियोजन गरिएकोमा ५२ करोड ४८ लाख ३ हजार; ७५.९ प्रतिशत प्रगति हाशिल भएको छ।

**पुँजिगत तर्फ**

चालु आ.व. २०७९/८० मा पुँजिगत खर्च तर्फ रू १ अर्ब ४८ करोड २२ लाख २६ हजार विनियोजन गरिएकोमा ७२ करोड ७७ लाख ७७ हजार खर्च भई ४९.१ प्रतिशत प्रगति हासिल भएको छ। विकास योजनाहरूको संझौता भई कार्य सम्पन्न हुने क्रममा रहेकोले आर्थिक वर्षको अन्त सम्ममा पुँजिगत खर्चको प्रगति बृद्धि हुने देखिन्छ।

चालु आर्थिक वर्षमा वैश्विक आर्थिक मन्दी, नेपाल सरकारको राजश्वमा परेको चापको कारण संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा वित्तीय समानीकरण अनुदानमा संकुचन आएको कारण संघीय सरकारबाट प्राप्त हुने आयमा कमी आएको छ।आर्थिक गतिविधिमा आएको शिथिलताले गर्दा घर जग्गा रष्जिट्रेसन लगायत राजश्व बाँडफाँडबाट प्राप्त हुने आयमा निकै ठूलो कमी हुँदा राजश्व संकुचन भएको छ।

**१.१ पूर्वाधार निर्माणः** पूर्वाधार निर्माण अन्तर्गत कुल उपभोक्ता समिति मार्फत गरिएका योजना २८१ रहेकोमा जेष्ठ १५ गतेसम्म ९२ वटा योजना सम्पन्न भएको र बाँकी योजनाहरु चालु आर्थिक वर्षको अन्तसम्ममा सम्पन्न हुने क्रममा रहेको छ। चालु आर्थिक वर्षमा ५२ वटा ठेक्कामध्ये १७ वटा ठेक्का समापन भएको तथा अन्य ठेक्काहरु पनि समापन हुने अवस्थामा रहेको छ।समयमा निर्माण कार्य नगर्ने ठेकदारलाई ठेक्का रद्द गरी

कारबाहीको प्रक्रीयामा रहेको छ। कूल ठेक्काको ५६.२३ प्रतिशत वित्तीय प्रगति देखिएको छ। चालु आर्थिक वर्षको अन्त्य सम्ममा करिब ७० प्रतिशतको हाराहारीमा प्रगति हुने अनुमान गरिएको छ।

### १.१.१. सडक पूर्वाधार तर्फ

चालु आर्थिक वर्षमा जेष्ठ १५ गतेसम्म २७.८ कि.मी. सडक कालोपत्रे/ स्ल्याव ढलान (पक्की सडक) निर्माण गरिएको छ। त्यसै गरी कुल ८.६४ कि.मी. ग्रावेल र ०.७७ कि.मी. सडकको नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। आन्तरिक स्रोत तर्फ रु. ९९ करोड ४३ लाख ६७ हजार विनियोजन भएकोमा रु. ५३ करोड ९५ लाख ९० हजार खर्च भई ५४.२ प्रतिशत प्रगति हासिल भएको छ।

### १.१.२. खानेपानी तर्फ

चालु आर्थिक बर्षको जेष्ठ १५ गतेसम्म खानेपानी तर्फ ४३.४५ कि.मी. खानेपानीको पाइप बिछ्याउने काम र २२० घ.मी. खानेपानीको टयाङ्की निर्माण गरिएको छ। त्यस्तै गरी संघीय सरकार, स्थानीय उपभोक्ता र नगरपालिकाको लागत सहभागितामा वृहत्त डाँछी भद्रवास खानेपानी आयोजना कार्यान्वयन भइरहेको छ भने गोठाटार भैमाल खानेपानी आयोजनाको प्रक्रिया अघि बढेको छ। आन्तरिक स्रोत तर्फ रु. ९ करोड ८९ लाख ९७ हजार विनियोजन भएकोमा रु. १ करोड ६२ लाख ४ हजार खर्च भई २३.५ प्रतिशत प्रगति हासिल भएको छ।

### १.१.३. भवन तथा बस्ती विकास तर्फ

चालु आर्थिक वर्षको जेष्ठ १५ गतेसम्म नगरपालिकाले १७ वटा भवन निर्माण तथा मर्मत सम्पन्न भएको छ र मूलपानी नगर अस्पतालको आकस्मिक कक्षको निर्माण कार्य समापन भई सेवा संचालन भइरहेको छ। वडा नं. १ को स्वास्थ्य चौकी सहितको वडा प्रशासनिक भवन निर्माणको कार्य प्रारम्भ भएको छ। नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। भवन निर्माण तथा बस्ती विकास शाखाद्वारा कुल ६५५ वटा नयाँ नक्सा पास, १२०८ निर्माण सम्पन्न, ३९७ वटा नक्सा नामसारी, २५ वटा नक्सा नविकरण, २९६ वटा EPPS संचालन गरी नयाँ नक्सा दर्ता सम्पन्न भएको छ। आन्तरिक स्रोत तर्फ रु. ३ करोड ५ लाख विनियोजन भएकोमा रु. १ करोड ८४ लाख २४ हजार खर्च भई ६०.५ प्रतिशत प्रगति हासिल भएको छ।

### १.१.४. विविध पूर्वाधार निर्माण

चालु आर्थिक बर्षको जेष्ठ १५ गतेसम्म ३ वटा मोटरेवल पुल र कल्भर्ट बनाउने काम सम्पन्न भएको छ। पल्म्प कन्क्रिट वाल १३.१० कि.मी., ७८० घ.मी. ग्याविन, १६८.८८ आर.सी.सी. सेयर वाल र २.०८ कि.मी. आर.सी.सी. ड्रेन निर्माण र ४.८४ कि.मी. ढल निर्माण कार्य सम्पन्न भएको छ। ३ वटा पहिरो नियन्त्रणको कार्य गरिएको छ। आन्तरिक स्रोत तर्फ रु. ३३ करोड ३२ लाख ६९ हजार विनियोजन भएकोमा रु. ११ करोड ७ लाख ६ हजार खर्च भई ३३.२ प्रतिशत प्रगति हासिल भएको छ।

आदरणीय नगर सभा सदस्यज्यूहरू,

अब म सामाजिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे विवरण पेश गर्ने अनुमति चाहन्छु।

## १.२. सामाजिक विकास

### १.२.१. स्वास्थ्य

१. चालु आर्थिक वर्षमा मेयरसँग ज्येष्ठ नागरिक विशेषज्ञ सेवा कार्यक्रम ९ वटा वडामा संचालन गरियो।

२. विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण तथा शिविर ८ वटा विद्यालयमा सम्पन्न।

३. स्वास्थ्यकर्मीलाई वृहत पोषण प्याकेज क्षमता अभिवृद्धि कार्यक्रम एक पटक, स्तनपान सप्ताह, प्रजनन् रुग्णता स्वास्थ्य सेवा,महिला स्वास्थ्य शिविर तथा अभिमुखिकरण कार्यक्रम ३ पटक, MNH Road map, ANC TO PNC Continum care, on site coaching कार्यक्रम २ पटक, ANC to PNC Continum care अभिमुखिकरण (मातृ तथा नवशिशु कार्यक्रम) २ पटक, वर्थिङ्ग सेन्टरमा Onsite Coach ४ पटक, प्रजनन् स्वास्थ्य कार्यक्रम तथा Via Camp प्रजनन् ६ पटक, सुरक्षित मातृत्व कार्यक्रम/परिवार नियोजन अनुगमन ९ पटक, डेंगु नियन्त्रणमा लार्भा खोजि नष्ट गर्ने र सचेतना कार्यक्रम ९ वटै वडामा १/१ पटक, सहरी गाँउघर आयुर्वेद सेवा कार्यक्रम ३ पटक, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (DHIS 2) तालिम सञ्चालन ३ पटक, नियमित खोप सुदृढीकरण, पूर्णखोप सुनिश्चितता र दिगोपनाको लागि सुक्ष्म योजना अध्यावधिक २ दिन र सरसफाई प्रवर्धन प्याकेज पुनर्ताजगी तालिम १ दिन गरी ३ दिन गरी १ पटक, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको बृहत पोषण प्याकेज क्षमता अभिवृद्धि कार्यक्रम संचालन ५ पटक, नगरपालिका भित्र संचालनमा रहेका स्वास्थ्य सम्बन्धी व्यबसायहरुको निरीक्षण/अनुगमन कार्यक्रम संचालन १ पटक, आँखा,नाक,कान,घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखिकरण २ पटक सञ्चालन गरिएको छ। चालु आ.व. मा स्वास्थ्य क्षेत्र तर्फ नगरपालिकाको आन्तरिक स्रोत तर्फ रु. ५ करोड ५० लाख विनियोजन भएकोमा रु. ३ करोड ६ लाख खर्च भएको भई ५६ प्रतिशत प्रगति हासिल भएको छ।

### १.२.२. शिक्षा

१. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन, संयोजन, छपाइ एवम् वितरण कार्य सम्पन्न गरिएको छ। १६ वटा सामुदायिक विद्यालय र ७६ वटा संस्थागत विद्यालय सबैमा ८ वटा विषयको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक वितरण भई अध्यपन भईरहेको छ।

२. यस कागेश्वरी मनोहरा नगरपालिकाको शिक्षालाई गुणस्तरीय, संस्कारयुक्त, दिगो एवम् सर्वसुलभ बनाउन शिक्षा क्षेत्रसँग सम्बन्धित विज्ञहरूद्वारा नगर शिक्षा योजना तर्जुमा गरिएको छ।

३. माध्यमिक तह कक्षा ११ र १२ को कान्ति भैरव मा.वि., आनन्द भैरव मा वि र बाल विकास मा वि मा नगरपालिका स्रोतबाट ६ जना शिक्षक व्यवस्थापन,प्रारम्भिक बाल विकास केन्द्रमा विद्यार्थी संख्याका आधारमा ८ जना बालविकास सहजकर्ता व्यवस्थापन, सामुदायिक विद्यालयका लागि ICT शिक्षक व्यवस्थापन, प्रारम्भिक बाल विकास केन्द्रमा विद्यार्थी संख्याका आधारमा १३ जना आया विद्यालयको नियमानुसार नियुक्ति गरी व्यवस्थापन गरिएको, सबै सामुदायिक विद्यालयका शिक्षकहरूलाई खाजा भत्ता रु. ३०००, सामुदायिक विद्यालयको प्रधानाध्यापकहरूको लागि प्र.अ. भत्ता माध्यमिक विद्यालयको लागि रु. १५०० र आधारभूत विद्यालयको लागि रु. १००० प्रदान गरिएको छ। ECD स.का. तथा विद्यालय कर्मचारीहरुका लागि थप पारिश्रमिक प्रति व्यक्ति रु. ८५०० थप गरी प्रदान गरिएको, १६ वटै सामुदायिक विद्यालयहरुमा उच्च गतिको इन्टरनेट व्यवस्थापन गरिएको छ। साथै ५ दिने सामुदायिक र संस्थागत विद्यालयको आधारभूत तथा माध्यमिक तहका शिक्षकहरुका लागि मागमा आधारित विषयगत शिक्षक तालिम/कार्यशाला सञ्चालन गरिएको।

४. शैक्षिक सत्र २०८० को शैक्षिक क्यालेन्डर प्रकाशन गरी सबै विद्यालयका विद्यार्थी र शिक्षकहरूलाई विवरण गरिएको, सबै सामुदायिक विद्यालयहरूमा सूचना व्यवस्थापन प्रणालीको सफ्टवेयर सञ्चालन तथा मर्मत गरिएको, सबै सामुदायिक विद्यालयमा व्याट्री व्याकअप सहितको ई-हाजिरी व्यवस्थापन गरिएको।

५. सबै सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बाल विकास केन्द्रको क्षमता विकासको लागि रातो बंगला फाउन्डेसनसँगको साझेदारीमा नमुना कक्षाकोठा व्यवस्थापन र तालिम सञ्चालन, प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको लागि दिवा खाजा थप गरिएको, कक्षा १ देखि ३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गरिएको, कक्षा ५, ८ र १० मा नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि २ दिने विषयगत तालिम सञ्चालन, कक्षा ८ को परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा विश्लेषण, आदर्श मा.वि. मा संस्थागत र सामुदायिक विद्यालयहरू नगरपालिका स्तरीय विज्ञान प्रदर्शनी आयोजना गरिएको र SEE मा सर्वोत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई पुरस्कार प्रदान गरी प्रोत्साहित गरिएको।

६. सामुदायिक विद्यालयका प्रधानाध्यापक कर्मचारीहरुका लागि विद्यालय प्रशासन तथा लेखा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको, सामुदायिक विद्यालयका शिक्षकहरुका लागि सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ सम्बन्धी तालिम सम्पन्न गरिएको छ। चालु आर्थिक वर्षमा शिक्षा तर्फ रु. ६ करोड ७१ लाख विनियोजन गरिएकोमा जेष्ठ मसान्तसम्म रु. ३ करोड ८७ लाख खर्च भई ५७.७ प्रतिशत प्रगति हासिल भएको छ।

### १.२.३. महिला बालबालिका तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. ७० जना महिला दलित जनजाती तथा अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारी सुनिश्चितताका लागि लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरिएको छ, ८१ जना ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई चाडपर्व खर्च वितरण गरिएको छ, अपाङ्गता भएका दलित जनजाति तथा विपन्न समुदायका महिलाहरुलाई आर्थिक क्षमता विकासका लागि हस्तकला तालिम प्रदान गरिएको छ। महिलाहरुको क्षमता विकासका लागि ६३ जनालाई संस्थागत नेतृत्व तथा उद्घोषण तालिम प्रदान गरिएको छ।

२. बालबालिकाहरुको संरक्षण सम्बर्धन तथा प्रवर्धनकालागि वडा तथा नगर स्तरीय बाल अधिकार समिति गठन लगायत सरोकारवाला निकायहरुको बाल संरक्षण घटना व्यवस्थापन तथा बाल मैत्री संरचना तथा कार्यका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ, बालक्लवका पदाधिकारीहरुको क्षमता विकास गरिएको छ, चालु आ.व. मा १२ पटक यस नगरपालिकाभित्र रहेका बालगृहहरूको अनुगमन तथा निरीक्षण गरी सुधारका लागि निर्देशन प्रदान गरिएको छ।

३. आन्तरिक स्रोत तर्फ रु. ९४ लाख ६२ हजार विनियोजन भएकोमा रु. ४३ लाख ८४ हजार खर्च भई ४६.३ प्रतिशत प्रगति हासिल भएको छ।

### १.२.४. सामाजिक सुरक्षा तथा घटना दर्ता

१. चालु आर्थिक वर्षको जेष्ठ १५ गतेसम्म नगरपालिकाभित्र जम्मा जन्मदर्ता ७२३, मृत्युदर्ता २८० वटा, सम्बन्धबिच्छेद दर्ता ४४ वटा, विवाह दर्ता ५६९, बसाइसरी आएको दर्ता संख्या ५०७ परिवार, बसाइसरी गएका दर्ता संख्या १५१ परिवार गरी जम्मा घटनादर्ता २१७५ रहेको छ।

२. चालु आर्थिक वर्षको दोस्रो चौमासिकसम्म ६८ वर्षमाथिका २२७७ जना ज्येष्ठ नागरिकलाई, ८८ जना ज्येष्ठ नागरिक दलित, ३४९ जना ज्येष्ठ नागरिक एकल महिला, ६१० जना विधवा, ८१ जना क बर्गमा अपाङ्ग, ११७ जना ख वर्गको अपाङ्ग तथा ३९ जना दलित बालबालिका गरी जम्मा ३६३१ जनालाई रु. ३ करोड ७१ लाख ६९ हजार ८ सय ३५ रुपैंया सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ, चालु आर्थिक वर्षमा ६८ वर्ष पुरा भएका जेष्ठ नागरिकलाई रु. १०००।— का दरले उपचार खर्च २२०७ जनालाई रु. २२०७०००।— वितरण गरिएको छ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

अब म आर्थिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे विवरण पेश गर्न अनुमति चाहन्छु ।

## १.३. आर्थिक विकास

### १.३.१. कृषि तथा पशु

१. हिउँदे तथा वर्षे तरकारी बिउ उन्नत हाइब्रिड कम्पोजिट किट निःशुल्क वितरण गरिएको छ, ५० प्रतिशत अनुदानमा किसानहरूलाई प्राङ्गारिक मल वितरण गरिएको, टनेल खेतीका लागि ५० प्रतिशत अनुदानमा प्लास्टिक वितरण गरिएको, कृषि विमामा नेपाल सरकारले दिने ८० प्रतिशतमा थप २० प्रतिशत अनुदान वितरण गरिएको, ८० प्रतिशत अनुदानमा कृषि चुन वितरण गरिएको, किसान अद्यावधिक गर्न किसान दर्ता तथा किसान कार्ड वितरण गरिएको, डिजिटल माध्यमबाट किसानहरू माझ पहुँच अभिवृद्धि गर्न डिजिटल कृषि एप सञ्चालन गरिएको, विपद्‌बाट प्रभावित किसानहरूलाई राहत वितरण गरिएको छ।

२. चालु आ.व. २०७९/८० मा २४३ जना कृषकहरुलाई पशु बिमा अनुदान वितरण गरिएको, ४० जना कृषकहरुलाई गाईभैंसी पाल्न तालिम प्रदान गरिएको, ३६४ वटा सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण गरी रेबिज रोग विरुद्धको खोप लगाइएको, ५५८३ गाईभैंसी तथा बाख्रामा नश्ल सुधार कार्यक्रम अन्तर्गत कृतिम गर्भधान गराइएको,

३. कृषि तर्फको आन्तरिक स्रोत तर्फ रु. १ करोड २२ लाख ९० हजार विनियोजन भएकोमा रु. ४१ लाख ३५ हजार खर्च भई ३३.७ प्रतिशत प्रगति हासिल भएको छ भने पशु सेवा तर्फको आन्तरिक स्रोत तर्फ रु. १ करोड ९१ लाख ५० हजार विनियोजन भएकोमा रु. ४७ लाख ४३ हजार खर्च भई ३१.५ प्रतिशत प्रगति हासिल भएको छ।

### १.३.२. सहकारी तर्फ

१. सहकारी संस्थाहरुलाई चुस्त, दुरुस्त, सुसाशित र व्यवस्थित गर्न सम्पत्ती सुद्धिकरण निवारण, कोपोमिस, लेखा व्यवस्थापन तालिम सहकारी संस्थाका पदाधिकारीहरुको उपस्थितीमा अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको छ।

२. आन्तरिक स्रोत तर्फ रु. २१ लाख ८० हजार विनियोजन भएकोमा रु. १० लाख ७० हजार खर्च भई ५० प्रतिशत प्रगति हासिल भएको छ।

### १.३.३. उद्यमशिलता तर्फ

१. ९० जना उद्यमीलाई उद्यमशिलता तथा सिपमूलक तालिम सञ्चालन गरिएको, तालिम पश्चात प्रविधि हस्तान्तरण कार्यक्रम तर्फ वडा नं. १, ६, ७,८ र ९ मा फेब्रिक ब्याग, चप्पल उत्पादन, दुना टपरी मेसिन, पोते, ब्युटिपार्लर र डल बनाउन कच्चा पदार्थ हस्तान्तरण गरिएको। उद्यमीहरूलाई वित्तीय पहुँच र सहुलियत पूर्ण कर्जा उपलब्ध गराउन राष्ट्रिय युवा परिषद् र नगरपालिकाको साझेदारीमा वाणिज्य बैंकहरूमा सहजीकरण गरिएको।

२. आन्तरिक स्रोत तर्फ रु. ६७ लाख ५० हजार विनियोजन भएकोमा रु. २० लाख ३२ हजार खर्च भई ३० प्रतिशत प्रगति हासिल भएको छ।

### १.५. वातावरण, विपद् व्यवस्थापन र फोहोरमैला व्यवस्थापन

१. विपद् व्यवस्थापनलाई छिटो र प्रभावकारी व्यवस्थापन गर्न Rapid Response Program सञ्चालन गर्न रु. ३५ लाखको दरले प्रत्येक वडामा बजेट विनियोजन गरी कार्यान्वयन गरिएको छ। विभिन्न दिवसहरूमा वृक्षारोपण गरी हरित नगर बनाउन टेवा पुर्‍याईएको, अस्पतालजन्य फोहोरमैला व्यवस्थापनको लागि स्वास्थ्यकर्मीहरूलाई तालिम प्रदान गरिएको छ।

### १.६. न्यायिक समिति

१. आ.व. ०७८/७९ बाट जिम्मेवारी सारि आएका उजुरी संख्या ५५ रहेको, हालसम्म जम्मा ५२ वटा उजुरी दर्ता भएकोमा तामेली ५१ वटा रहेका छन् । जसमध्ये अदालतमा पठाइएका मिसिल १० वटा छन् भने मिलापत्र भएका मुद्दा ५ वटा छन्। त्यस्तै फैसला भएका मुद्दा ४ वटा छन्। हाल विचाराधिन मुद्दा ३७ रहेका छन् तीमध्ये ५ वटा मुद्दाहरु फैसलाको अन्तिम चरणमा पुगेका छन्।

आदरणीय नगरसभा सदस्यज्यूहरु,

अब म आन्तरिक तथा बाह्य राजस्व परिचालनको क्षेत्र तर्फ भएको प्रगतीबारे विवरण पेश गर्ने अनुमति चाहन्छु।

आदरणीय नगरसभा सदस्यज्यूहरु

अब म नगरपालिकाको विकासका चुनौती र अवसरहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## २. नगरपालिकाको विकासका चुनौती तथा अवसरहरु

### २.१. चुनौतीहरु

**नगरपालिकाको विकासका चुनौतिहरुः**

१. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत अन्य प्रचलित कानून बमोजिम स्थानिय तहमा प्रत्यायोजित भुमिकाहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।

२. सात तहको योजना प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा जाने विद्यमान कानूनी व्यवस्था अनुरुपको उत्तरदायित्व पूरा गर्दै स-साना योजनालाई वडा तहबाट सम्बोधन गर्न र नगरस्तरिय योजनामा नगरपालिकाको बजेटलाई केन्द्रित गरी मितव्ययी एवम् कार्यान्वयन गर्न ।

३. उपभोक्ता समिति मार्फत संचालन गरिने कार्यक्रम पिच्छे फरक-फरक उपभोक्ता समिति रहँदा तिनीहरूलाई प्रशासनिक तथा प्राविधिक रुपमा सहयोग उपलब्ध गराउन ।

४. उपभोक्ता समितिको काम कारवाहीमा पारदर्शीता, जवाफदेहीता र अर्थपूर्ण जनसहभागिता कायम राख्न।

५. ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिने कार्यहरू समयमा सम्पन्न गर्न ।

६. गैर सरकारी क्षेत्रको बजेट तथा कार्यक्रमलाई नगरपालिकाको विकास योजनामा समावेश गर्न ।

७. गुणस्तरीय, मापदण्डयुक्त दिगो एकिकृत विकासको अवधारणालाई कार्यान्वयन गर्न ।

८. नगरवासीको बढ्दो आकांक्षालाई संवोधन गर्नका लागि नगरपालिकाको आन्तरिक आयमा अपेक्षित वृद्धि गर्न ।

९. नगर सभावाट पारित योजना कार्यक्रम तथा बजेटको परिधि भन्दा बाहिर धेरै पटक योजना तथा कार्यक्रमको स्वीकृति हुन गएकोले त्यसको दायित्व श्रृजना हुन गई आगामी आर्थिक वर्षमा श्रोत र साधनको अपर्याप्तता हुने ।

**प्राथमिकताहरूः**

१. स्वच्छ खानेपानीमा सबै नगरबासीको सर्वसुलभ पहुँच,
२. दिगो र गुणस्तरीय पूर्वाधार विकास,
३. सर्वसुलभ, रोजगारमूलक, संस्कारयुक्त र गुणस्तरीय शिक्षा,
४. सर्वसुलभ र गुणस्तरीय विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा,
५. रोजगारमूलक सीप विकास एवम् उद्यमशिलता प्रवर्धन, कृषि क्षेत्रलाई आधुनिक बनाई उत्पादन अभिवृद्धि गर्दै आर्थिक विकास गरी गरिबी निवारण गर्ने।
६. प्रशासनिक सुशासन कायम गर्दै सूचना प्रविधिमा आधारित सेवा प्रवाह र चुस्त एवम् दुरुस्त प्रशासन,
७. दिगो, आधुनिक र व्यवस्थित बसोबासका निमित्त पूर्वी उपत्यका शहरी विकास आयोजना कार्यान्वयन,
८. खेलकुद पूर्वाधारको विकास एवम् विद्यालयस्तर देखि खेलाडी उत्पादन,
९. विकास योजना छनौट तथा सञ्चालन गर्दा जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
१०.महिला, दलित, अपाङ्ग, आदिवासी, जनजाती, अल्पसंख्यक र बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने,
११. समावेशी र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पऱ्याउने,
१२.भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

**प्रस्तावित बजेटका उद्देश्यहरू**

क. नगरवासीको सर्वाङ्गीण विकास गर्ने ।
ख. दिगो विकासको माध्यमबाट आर्थिक, सामाजिक, भौतिक पूर्वाधार मार्फत नगरवासीको जीवनस्तरमा परिवर्तन गर्ने ।
ग. सेवा प्रवाह प्रविधि मैत्री बनाई जनताको सहज पहुँच वृद्धि गरी सुशासन स्थापित गर्ने ।
घ. आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने ।
ङ. लक्षित एवं समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने ।
च. स्थानीय श्रोत र साधनको जनसहभागिता मार्फत विवेकपूर्ण तवरले अधिकतम प्रयोग गर्ने ।

**आ.व. २०८०/०८१ मा नगरपालिकाले अवलम्वन गर्ने नीतिहरु देहाय अनुसार प्रस्ताव गरिएको छ ।**

**"सबल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"** मुख्य नाराका साथ कागेश्वरी मनोहरा नगरपालिकाको आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः वि.सं. २१०० को दिर्घकालिन लक्ष्य, सन् २०३० सम्मको दिगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षिय योजना साथै संघीय तथा प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रम, स्थानीय निर्वाचनको क्रममा सबै राजनैतिक पार्टीहरुले प्रतिवद्धता जनाई संकल्प गरेका महत्वपूर्ण साझा सवालहरु, स्थानीय सरकारको रुपमा राज्यको तर्फबाट पूरा गर्न लोककल्याणकारी अवधारणामा आधारित कार्यहरु, सामाजिक र आर्थिक एवं मानवीय सूचाङ्कका आधारमा पछाडि परेका वर्ग, समुदाय, क्षेत्र लगायत समग्र रुपमा नगरवासीको सर्वाङ्गीण विकासको अवधारणालाई आत्मसात गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**नगर गौरवको आयोजनाहरू**

१. नगरपालिकाको सर्वाङ्गीण विकासमा दीर्घकालिन महत्त्व राखी नगरवासीको विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने आयोजनाहरूः

